आज मिति २०८२/०३/०५ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को १९ औं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | वावुराम न्यौपाने | सचिव | |
| | आमन्त्रित | | |
| १५. | कमान सिंह के सी | लेखा अधिकृत | |
| १६. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १७. | सुरेश पोखरेल | प्र.प्र.अ. | |

CamScanner

बैठक संख्याः १९
मितिः २०८२/०३/०५ गते, बुधवार

मिति २०८२/०३/०५ गतेको १९ औं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | अठारौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्बन्धमा । | • आ.व २०८१/०८२ को अठारौंगाउँकार्यपालिका बैठकको समिक्षा गर्ने । | |
| (२) | नीति तथा कार्यक्रम सम्बन्धमा । | • आ.ब.०८२/८३ को लागि नीति तथा कार्यक्रम तयारी र सभामा प्रस्तुत गर्ने मिति तय गर्ने । | |
| (३) | बिविध विषयहरु | • विविध समसामयिक विषयहरु माथि छलफल तथा निर्णय । | |

निर्णयहरु:

(१) आ.व २०८१/०८२को अठारौं गाउँकार्यपालिका बैठकको समिक्षा गरियो। कार्यक्रम सम्पन्न भएका र सम्पन्न गर्न बाँकी कार्यक्रमहरु सम्पन्न गरी मिति २०८२ आषाढ १५ गते सम्ममा भुक्तानि माग गर्न विषयगत शाखा तथा वडाहरुमा पत्राचार गर्ने ।

(२) आ.ब. २०८२/०८३ का लागि गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तयारी समितिवाट निर्माण भएको चालु आ.ब.मा सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको समिक्षा र बार्षिक नीति तथा कार्यक्रम स्विकृत गरी मिति २०८२/०३/०६ गते सभामा पेश गर्ने निर्णय गरियो ।

(३) बिविध विषयहरु

क) चालु आ.व.मा स्विकृत भएको बहुक्षेत्रिय पोषण सम्वन्धी कार्यक्रम संचालन गर्न मल्लरानी गाउँपालिका वडा नं ३ को मुन्डाँडा बस्तिका बिपन्न २८ जना १००० दिनका आमाहरुको समुह वनाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ख) यस मल्लरानी गाउँपालिका र मल्लरानी ग्रामिण बिकास सरोकार केन्द्र बिच मल्लरानी गाउँपालिकामा झोलुंगे पुल क्षेत्र बिकास कार्यक्रम अन्तरगत निर्माण गर्ने झोलुंगे पुल/ट्रस पुल निर्माण गर्नका लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

ग) मल्लरानी गाउँपालिका वडा नं २ को अमर मा.बि.देखि खौलेपोखरी जाने सडक मर्मत गर्दा लागेको रकम रु ४८,०००।र नेवट पालुकाथान सिंचाई कुलो मर्मतका लागि लागेको रकम रु २२,०००। मर्मत संभार शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

२०८२/०३/०५

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्याः १९

मितिः २०८२/०३/०५ गते, बुधवार

घ) नयाँ बर्ष २०८२ को उपलक्ष्यमा पर्यटकीय स्थल मल्लरानीमा संचालन भएको तेश्रो खाना महोत्सवमा आ-आफ्नो संस्कृति झल्किने गरी वडाहरुबाट झाँकी र सराय लिएर आए बापतको खर्च एकिन गरी बिबिध खर्चबाट भुक्तानि गर्ने निर्णय गरियो ।

ङ) करार सेवा शुल्कमा नपुग भएको रकम कर्मचारी पारिश्रमिक शिर्षकबाट भुक्तानि गर्ने निर्णय गरियो।

च) मृगौला प्रत्यारोपण गरेका, डाइलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामिहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यबिधि २०७८ अनुसार वडा कार्यालयबाट सिफारिश भई आएका लाभग्राहीहरुलाई असार महिना देखि लागू हुने गरी उपचार खर्च बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

- लक्ष्मी श्रेष्ठ मल्लरानी ४ डाइलासिस
- बल बहादुर राना मल्लरानी ३ क्यान्सर
- ध्वज बहादुर खत्री मल्लरानी ३ डाइलासिस

छ) मल्लरानी गाउँपालिका वडा नं. ४ को वडा समितिले मिति २०८२/०२/३० मा गरेको रकमान्तरको निर्णयानुसार निम्न बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

- गेष्ट हाउस देखि मेनरोड सम्म सिंढी निर्माणको लागि बिनियोजित रकम रु १,००,०००। वडा कार्यालयको छाना ब्यबस्थापन शिर्षकमा रु ५०,०००। रकमान्तर गर्ने ।
- आरन ब्यबस्थापनमा बिनियोजित रकम रु १,००,०००। मध्येबाट वडा नं ४ का बुद्ध बहादुर सुनारलाई रु १०,०००। को आरन सम्वन्धि सामाग्रि खरिद गरी उपलब्ध गराउने ।

ज) ठे.नं.MRM/NCB/04/081/82 देउराली थाम सोलहाल्ना मोटर बाटो निर्माण कार्यको लागि कार्की ब्रदर्श कन्स्ट्रक्सन रम्भा गा.पा.५ पाल्पाको मिति २०८२ आषाढ २० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

झ) ठे.नं. MRM/NCB/05/081/82 सिर्सेगैरा मुनडाँडा चुँजाठाँटी मो.बा.स्तरोन्नति कार्यको लागि सिसिर-सुनछहरी-गेमी जे.भि.घोराही दाङको मिति २०८२ आंषाढ २० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

ञ) मल्लरानी फुड फेष्टिबलको अवसरमा गाउँपालिकाको ब्याकहोलोडर परिचालन गरी मल्लरानी जाने बाटोको पहिरो सफा गरेको रु ४१५९८। र झाक्रिस्थान देखि धरमपानी जाने मो.बा. मर्मत गरेको रु ७७९४७। मर्मत संभार कोष तर्फबाट ब्यबस्था गर्ने निर्णय गरियो ।

ट) जनप्रतिनिधि र कर्मचारीहरुका लागि १/१ वटा झोला खरिद गरी बितरण गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner